# एकीकृत सहरी पूर्वाधार विकास अन्तिम चरणमा

**चितवन समाचारदाता**
*चितवन, साउन ३१ गते*

भरतपुर महानगरलाई सुन्दर सहर निर्माणका लागि सुरु भएको एकीकृत सहरी पूर्वाधार विकास कार्यक्रम सम्पन्न हुने चरणमा पुगेको छ। सघन सहरी तथा भवन निर्माण कार्यालयमार्फत तीन वटा क्षेत्रमा विभाजन गरी गरिएको निर्माण कार्य ८० प्रतिशत सम्पन्न भएको सघन सहरी तथा भवन निर्माण कार्यालय भरतपुरका प्रमुख फपटबहादुर थापाले जानकारी दिनुभयो। व्यवस्थित सुविधासम्पन्न सहर निर्माण गर्न तीन वटा खण्डमा २०७९ फागुन महिनाबाट काम थालनी भएको थियो।

तीन वटा खण्डमा काम थालनी गरिएको सहरी पूर्वाधार अन्तर्गत आयआर्जनको क्षेत्रमा हाटबजार निर्माण, बसपार्क निर्माणका कार्यक्रम रहेका छन्। भौतिक निर्माण अन्तर्गत फराकिलो बाटो, फुटपाथ, कलभर्ट रहेको छ। त्यस्तै सामाजिक पूर्वाधार अन्तर्गत आरती स्थल निर्माण रहेको कार्यालयका सूचना अधिकारी द्रोण कटुवालले जानकारी दिनुभयो।

सहरी पूर्वाधार विकास निर्माणका लागि ५० करोड रुपियाँको कार्यक्रम भए पनि अहिले ३१ करोड रुपियाँ बजेट विनियोजन भई ठेक्का सम्झौता भएर काम सुरु भएको सूचना अधिकारी कटुवालले जानकारी दिनुभयो। विनियोजित बजेटको ५० प्रतिशत भौतिक निर्माणमा खर्च हुने छ। बाँकी बजेट आर्थिक आयआर्जन र सामाजिक पूर्वाधार क्षेत्रमा लगानी हुने उहाँले जानकारी दिनुभयो।

भौतिक निर्माण अन्तर्गत बसेनी–बाइपास सडक, शुक्रनगर–देवीस्थानको सडक, पटिहानी–मङ्गलपुर–काँडाघारी क्षेत्रमा सडक निर्माण कार्य पूरा भएको छ। यी क्षेत्रमा निर्माण गरिएको सडक सातदेखि १२ मिटरसम्म फराकिलो छ। ग्रामीण क्षेत्रमा भएका सडक साँघुरो भएका कारण सवारीसाधन दोहोरो सञ्चालन गर्न कठिनाइ भएको थियो। सहरी पूर्वाधार कार्यक्रम अन्तर्गत निर्माण गरिएका साँघुरा सडक अहिले कम्तीमा सात मिटर चौडा भएका छन्। ढलसहित निर्माण भएका सडकमा सवारीसाधन निर्बाध सञ्चालन गर्न सकिन्छ भने स्थानीय उत्पादन बजारसम्म ल्याउन कुनै समस्या नभएको कार्यालय प्रमुख थापाले जानकारी दिनुभयो।

आर्थिक आयआर्जनको क्षेत्र अन्तर्गत दुई करोड रुपियाँ बजेट विनियोजन भई देवघाटधाममा सुविधासम्पन्न बसपार्क निर्माण कार्य भइरहेको छ। बसपार्क निर्माणपछि देवघाटधाममा आउने सवारीसाधनको सुरक्षा र पार्किङ समस्या समाधान हुने कटुवालले बताउनुभयो। नारायणी नदी किनारमा निर्माण हुने आरती स्थलको काम भने सुरु हुन सकेको छैन। सामाजिक पूर्वाधार अन्तर्गत निर्माण हुने आरती स्थल सुरक्षित स्थानको खोजी भइरहेको छ। कार्यालयका प्रमुख थापाले भन्नुभयो, "पहिचान गरेको स्थानमा बर्सातमा बाढी आएर जान नसकिने हुन्छ। हिउँदमा अत्यन्त उपयुक्त भए पनि बर्सातमा जोखिम हुने भएकाले उपयुक्त स्थानको खोजी भइरहेको छ।" सुरक्षित स्थान पहिचान भएपछि यसको निर्माण कार्य सुरु हुने कार्यालय प्रमुख थापाले जानकारी दिनुभयो।

भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले विकास निर्माणका पूर्वाधारमा महानगरपालिकाले फड्को मारेको बताउनुभयो। "भरतपुरको मुख्य क्षेत्रमा पानी निकास नहुने समस्या थियो, त्यसलाई विस्तारै समाधान गरेका छौँ। व्यवस्थित सहर निर्माणका लागि धेरै विषयमा ध्यान दिनुपर्ने हुन्छ, त्यसैले एकीकृत विकास अन्तर्गत काम भइरहेको छ," उहाँ भन्नुहुन्छ। गाउँ गाउँमा अहिले फराकिलो सडक पुगेको छ। कुनै पनि कुनाबाट सामान ल्याउन लैजान समस्या छैन। सडकको पहुँच पुगेपछि आयआर्जनको बाटो खुलेको प्रमुख दाहालले बताउनुभयो।



तस्बिर : शालिग्राम नेपाल

**एकीकृत सहरी पूर्वाधार विकास अन्तर्गत ग्रामीण क्षेत्रमा निर्माण गरिएका फराकिला सडक ।**

## दुर्घटनामा तीन जनाको मृत्यु

**सिन्धुली समाचारदाता**
*सिन्धुलीमाढी, साउन ३१ गते*

बिपी राजमार्ग अन्तर्गत सिन्धुलीको कमलामाई नगरपालिका–२, चियाबारीनजिक बिहीबार बिहान भएको सवारी दुर्घटनामा तीन जनाको ज्यान गएको छ। सिन्धुलीको गोलन्जोर गाउँपालिका–६, नाकाफोलीबाट जिल्ला सदरमुकाम सिन्धुलीमाढी आउँदै गरेको बा.२० च ८२८३ नम्बरको डबल क्याप बोलेरो दुर्घटना भएको प्रहरीले जनाएको छ।

मृत्यु हुनेमा गोलन्जोर गाउँपालिका–६, नाकाफोलीका ४२ वर्षीय पृथ्वी भुजेल, ४५ वर्षीय उदयबहादुर मङ्ग्रान्ती र ४५ वर्षीय पवन मङ्ग्रान्ती रहेको जिल्ला प्रहरी कार्यालय सिन्धुलीले जनाएको छ।

गाडीमा सवार यात्रु १४ जनामध्ये तीन जनाको उपचारका क्रममा मृत्यु भएको र घाइतेमध्ये चार जनालाई थप उपचारका लागि धुलिखेल अस्पताल पठाइएको कार्यालयका प्रहरी निरीक्षक पवनकुमार कटुवालले जानकारी दिनुभयो। बाँकी घाइतेको सिन्धुली अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

# विशेष नगर सभा बोलाउन माग

**हेटौँडा समाचारदाता**
*हेटौँडा, साउन ३१ गते*

हेटौँडा उपमहानगरपालिकाले वृद्धि गरेको करको विषयमा विवाद भएपछि नेकपा एमालेबाट निर्वाचित जनप्रतिनिधिले बुधबार विशेष नगर सभा बोलाउन माग गरेका छन्। ४५ जनाले हस्ताक्षर सङ्कलन गर्दै नगर प्रमुख मीनाकुमारी लामासँग विशेष नगर सभा बोलाउन माग गरेका हुन्। नगरप्रमुख लामा काठमाडौँमा भएकाले एमालेका नगर सभा सदस्यले प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमसमक्ष बुधबार हस्ताक्षरसहित विशेष नगर सभा बोलाउन माग गरेका थिए। हेटौँडा उपमहानगरपालिकाका कुल ९४ जना नगर सभा सदस्यमध्ये एमालेकै ५४ जना छन्।

२०७४ यता हेटौँडा उपमहानगरमा पहिलो पटक विशेष नगर सभा बोलाउन माग गरिएको हो। नेपालको संविधानको धारा २२२ देखि २२७, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ को उपदफा ३, बागमती प्रदेशको गाउँ, नगर, जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ३ उपदफा ३ र दफा २३ को (ग), (घ), (ञ) र (ट) तथा उपमहानगरको नगर सभा सञ्चालन कार्यविधि, २०७४ को दफा ३ बमोजिम विशेष नगर सभा बैठक बोलाउन माग गरिएको पत्रमा उल्लेख छ। हेटौँडा–४ का वडाध्यक्ष नवीन सिग्देलले राजस्व परामर्श समिति, कार्यपालिका र नगर सभामा छलफल नै नभई उपमहानगरपालिकाको आर्थिक ऐनमा राजस्व दर अस्वाभाविक वृद्धि गरिएको दाबी गर्नुभयो। उहाँले राजस्वको दरका कारण हेटौँडाका व्यवसायी मर्कामा परेकाले विशेष साधारण सभाबाट उक्त वृद्धि भएको कर फिर्ता लिनुपर्ने आफूहरूको माग रहेको बताउनुभयो।

उपमहानगरपालिकाले चालु आव २०८१–८२ मा बहाल करदेखि व्यवसाय करमा १६ देखि १५० प्रतिशतसम्म कर वृद्धि गरेको भन्दै हेटौँडाका व्यवसायी आन्दोलनमा छन्। मकवानपुर उद्योग वाणिज्य सङ्घसहितका व्यावसायिक सङ्घ संस्थाले कर वृद्धिको विरोधमा उपमहानगरपालिका परिसरमा एक घण्टा धर्नासमेत दिएका थिए। गत असार ७ गते भएको उपमहानगरको १५ औँ नगर सभाबाट राजस्व दरमा हेरफेर गर्ने निर्णय भएको थियो। यता हेटौँडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँले प्रक्रियागत ढङ्गबाटै राजस्व वृद्धि गरिएको बताउनुभएको छ। नगर सभाबाटै राजस्व वृद्धि गरिएकाले कानुनविपरीत नभएको उहाँहरूको दाबी छ।



### सातौँ वर्षमा करको दर हेरफेर

उपमहानगरपालिकाले सातौँ वर्षमा करको दरमा हेरफेर गरेको छ। २०७५–७६ पश्चात् चालु आवमा औसतमा ५०.०७ प्रतिशत कर वृद्धि गरेको हो। उपमहानगरपालिकाले भूकम्प र कोरोनाको महामारीका कारण करमा वृद्धि गरिएको थिएन। पछिल्लो समय मुद्रास्फीति र महँगी वृद्धिसँगै चालु आवमा उपमहानगरपालिकाले करको दरमा हेरफेर र वृद्धि गरेको जनाएको छ। बितेको छ आवमा कर वृद्धि नगरेको उपमहानगरपालिकाले चालु आवमा कर वृद्धि गरेको राजस्व व्यवस्थापन शाखा प्रमुख मनोज सुवेदीले जानकारी दिनुभयो। साउन १ गतेबाट आर्थिक ऐन, २०८१ लागु भइसकेको अवस्थामा ऐन संशोधन गर्न नसकिने भएकाले व्यवसायीको मागलाई सम्बोधन गर्न नसकिएको उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपानेले बताउनुभयो। उहाँले व्यवसायी र उपमहानगरबिचको छलफलमा आगामी आवमा कसरी समन्वय गरेर अगाडि बढ्न सकिन्छ भनेर प्रस्ताव गरिने जानकारी दिनुभयो।

चालु आवको साउन २९ गतेसम्ममा घरबहाल करबापत ४४ लाख ७२ हजार ७९७ रुपियाँ र व्यवसायी करबापत ३८ लाख २४ हजार ६४० रुपियाँ सङ्कलन भइसकेको उपमहानगरले जनाएको छ। हेटौँडामा १३ हजार १७५ व्यवसायी दर्ता छन्। प्रवक्ता न्यौपानेले ६० प्रतिशतभन्दा बढी व्यवसाय सञ्चालनमा नरहेकाले अहिले वृद्धि भएको कर असोज मसान्तसम्म तिर्ने व्यवसायीको हकमा १० प्रतिशत छुटको व्यवस्था गरिएको जानकारी दिनुभयो।

## श्रीमतीको हत्या गर्ने श्रीमान् पक्राउ

**मकवानपुर समाचारदाता**
*हेटौँडा, साउन ३१ गते*

मकवानपुरको कैलाश गाउँपालिका–५, कालीखोलास्थित काफलडाँडाका मङ्गलबहादुर पाख्रिनलाई प्रहरीले आफ्नै श्रीमती लक्ष्मी पाख्रिनको हत्या गरेको आरोपमा पक्राउ गरेको छ।

२६ वर्षीय मङ्गलबहादुरले करिब २० वर्षीय लक्ष्मीलाई हत्या गरी कालीखोलास्थित सामुदायिक वनमा गाडेको भन्ने सूचनाका आधारमा इलाका प्रहरी कार्यालय पालुङ र जिल्ला प्रहरी कार्यालयबाट गएको प्रहरी टोलीले मङ्गलबार बिहान ४:०० बजे उक्त घटनास्थलको प्रारम्भिक अनुसन्धानसँगै स्थानीय र मृतकका श्रीमान्लाई सोधपुछ गर्ने क्रममा मङ्गलबहादुरले हत्या गरेको खुलेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। मङ्गलबहादुरले आइतबार दिउँसो २:३० बजे श्रीमती लक्ष्मीलाई आफ्नै घरभित्र बन्चरो प्रहार गरी बीभत्स रूपमा हत्या गरी शवलाई ११ वटा टुक्रा पारेर दुई वटा बोरामा हाली कालीखोलास्थित सामुदायिक वनमा खाल्डो खनेर गाडेको पाइएको छ।

प्रहरीका अनुसार मृतकका कपडा शव गाडेको स्थानभन्दा केही अगाडि बोरामा हाली खाल्डो खनी गाडेको र घटनामा प्रयोग भएको धारिलो बन्चरोको बिँड फुकाली घरभन्दा पूर्वतर्फ खाल्डो खनी गाडेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ।

साथै मृतकको गाडेको शव, घटनामा प्रयोग भएको हतियार बन्चरो र कपडासमेत खाल्डोबाट निकाली मङ्गलबहादुरलाई पक्राउ गरी बुधबार मकवानपुर जिल्ला अदालतबाट १० दिनको म्याद थप गरी अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ।

# रोपियो दुई लाख बिरुवा



तस्बिर : सुजन काफ्ले

**वृक्षरोपण गरिँदै ।**

**चरीकोट समाचारदाता**
*चरीकोट, साउन ३१ गते*

डिभिजन वन कार्यालय दोलखाले जिल्लाका विभिन्न स्थानमा गरी ११८ हेक्टर जमिनमा विभिन्न जातका वृक्षरोपण गरेको छ। गत आर्थिक वर्ष २०८०/८१ मा जिल्लाभित्र दुई लाख २४ हजार २६२ बिरुवा रोपिएको हो। पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन आयोजना (इबिए) मार्फत डिभिजन वन कार्यालय दोलखाले जिल्लाका विभिन्न स्थानका सामुदायिक वनको खाली जमिनमा वृक्षरोपण गरिएको डिभिजन वन कार्यालय दोलखाले जनाएको छ।

वृक्षरोपण कार्यक्रम अन्तर्गत १६ वटा सामुदायिक वन क्षेत्रमा टिमुरका २८ हजार २९६, डालेघाँसका ४० हजार १९४, धुपीका तीन हजार, अमिसोका ३६ हजार छ सय, बाँसका एक हजार, निगालोका १३ हजार ८७५, तेजपातका दुई हजार ३२, पाटेसल्लाका १२ हजार २४, अर्गेलीका ४१ हजार ७५ र अन्य पाँच हजार १५० बिरुवा रोपिएको डिभिजन वन कार्यालय दोलखाका प्रमुख कृष्णराज न्यौपानेले बताउनुभयो। वातावरणीय पारिस्थितिक प्रणालीमा आधारित अनुकूलन आयोजना र राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत वन अतिक्रमण हटाई पुनरुत्पादन व्यवस्थापन गरी ३८ हेक्टर जमिनमा वृक्षरोपण गरिएको छ। आयोजनाका दोलखा संयोजक विनोद थापाले जिल्लाभित्र फँडानी भएका र क्षयीकरण भएका जग्गामा वृक्षरोपण गरिएको बताउनुभयो। परियोजनाले वन क्षेत्र क्षयीकरण भएका र पहिरोले वन क्षेत्रमा क्षति पुगेका जग्गामा वृक्षरोपण गर्दै आएको छ। आयोजनाले शैलुङ, गौरीशङ्कर र कालिञ्चोक गाउँपालिका तथा जिरी नगरपालिकाको केही वडामा चरन क्षेत्रको पुनर्स्थापना, गोठ सुधार, संरक्षण पोखरी निर्माणलगायतको लागि सहयोग गरेको उहाँले बताउनुभयो।

### अतिक्रमण गरिएको जग्गा फिर्ता लिएर वृक्षरोपण

डिभिजन वन कार्यालय दोलखाले गाई फार्म सञ्चालनका लागि १५ वर्षअघि दिएको भीमेश्वर नगरपालिका–८ को १६ हेक्टर रोपनी जग्गा फिर्ता लिएर वृक्षरोपण गरेको छ। २०६६ माघ १४ गते दक्षिण एसियाकै ठुला गाई फार्म सञ्चालन गर्न भनेर भीमेश्वर नगरपालिका–८ र ९ (तत्कालीन बोच र लाकुरीडाँडा गाविस) का छ वटा सामुदायिक वनसँग कालिञ्चोक गाई फार्म तथा रिसर्च सेन्टरले सम्झौता गरेको थियो। जग्गा सम्झौता गरेर लामो समयसम्म गाई पाल्ने तयारीसमेत नभएपछि डिभिजन वन कार्यालयले वन नियामावली, २०७९ को नियम ११९ मा व्यवस्था भएबमोजिम जिल्ला वन क्षेत्र अतिक्रमण नियन्त्रण समितिले जग्गा फिर्ता लिने निर्णय गरेको थियो। सो जग्गा फिर्ता लिएर कार्यालयले वृक्षरोपण गरेको छ।

**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**मानव संसाधन व्यवस्थापन विभाग**

## दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

यस बैंकमा रिक्त रहेका निम्न पदहरु खुला प्रतियोगिताद्वारा पूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट मिति २०८१ साउन ३२ देखि विद्युतीय माध्यममार्फत दरखास्त फाराम पेश गर्न आव्हान गरिएको छ । विद्युतीय माध्यममार्फत दरखास्त फाराम पेश गर्दा बैंकले तोकेको सम्पूर्ण विवरण उक्त दरखास्त फाराममा उल्लेख गरी सोको साथ नेपाली नागरिकताको प्रमाणपत्र, दरखास्त दिने पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र (ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र, नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सम्बन्धित निकाय/संस्थाबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत), तोकिएका अन्य कागजात/प्रमाणपत्र र हालसालै खिचेको पासपोर्ट साइजको फोटोको विद्युतीय प्रति संलग्न गरी (Scan/Attach) तोकिएको दस्तुर तिरी मिति २०८१ भदौ २० सम्म र दोब्बर दस्तुर तिरी मिति २०८१ भदौ २७ सम्म विद्युतीय माध्यम मार्फत दरखास्त पेश गर्नुपर्नेछ । मिति २०८१ भदौ २० सम्म जारी भएका शैक्षिक योग्यताको प्रमाणपत्र (समकक्षता आवश्यक परेमा सो समेत) मात्र आवेदन गर्न ग्राह्य हुनेछ । म्यादभित्र दाखिला नभएको र रीत नपुगी आएको दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी विद्युतीय माध्यम मार्फत दरखास्त फाराम पेश गरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनु पर्नेछ ।

| विज्ञापन नं. | पद | श्रेणी | सेवा | पद संख्या | समूह/पद संख्या | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | |
| १२/२०८१ | सहायक निर्देशक | अधिकृत तृतीय | प्रशासन | ३४ | १७ | ५ | ३ | ५ | ३ | – | १ | |
| १३/२०८१ | सहायक | सहायक द्वितीय | प्रशासन | १३ | ६ | २ | २ | १ | २ | – | – | |
| १४/२०८१ | सहायक (सूचना प्रविधि) | सहायक द्वितीय | प्राविधिक | ५ | २ | १ | १ | – | – | – | १ | |

**विज्ञापन सम्बन्धी विशेष सूचना**

सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-०६६० समेतका उत्प्रेषण सम्बन्धी निवेदनहरूमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेशबमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी व्यवस्था भएपश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ ।

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता**
   क) **विज्ञापन नं. १२/२०८१, सहायक निर्देशक** : मान्यताप्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र वा व्यवस्थापन वा जनप्रशासन विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्नेछ ।
   ख) **विज्ञापन नं. १३/२०८१, सहायक** : मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा दश जोड दुई वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ ।
   ग) **विज्ञापन नं. १४/२०८१, सहायक (सूचना प्रविधि)** : मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इन्जिनियरिङ्ग/कम्प्युटर साइन्स इन्जिनियरिङ्ग/हार्डवेयर इन्जिनियरिङ्ग/इलेक्ट्रोनिक्स कम्युनिकेशन एण्ड इन्फरमेशन इन्जिनियरिङ्ग विषयमा ३ वर्षे डिप्लोमा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

२. **समावेशीताको आधार** : समावेशी समूहतर्फ फाराम भर्ने उम्मेदवारहरुले आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग र पि.क्षे. को लागि सम्बन्धित निकायले जारी गरेको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

३. **तलब भत्ता तथा सुविधा** : बैंकको नियमानुसार हुनेछ ।

४. **उम्मेदवारको उमेर**
   क) सहायक निर्देशक पदको लागि दरखास्त दिने अन्तिम मिति (२०८१ भदौ २०) सम्ममा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । महिला उम्मेदवारको हकमा दरखास्त दिने अन्तिम मिति (२०८१ भदौ २०) सम्ममा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।
   ख) सहायक पदको लागि दरखास्त दिने अन्तिम मिति (२०८१ भदौ २०) सम्ममा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ । महिला उम्मेदवारको हकमा दरखास्त दिने अन्तिम मिति (२०८१ भदौ २०) सम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।
   ग) यस बैंकको वहालवाला कर्मचारीहरुलाई उमेरको हद लाग्ने छैन ।

५ **परीक्षाको किसिम**
   क) विज्ञापन नं. १२/२०८१ र विज्ञापन नं. १३/२०८१ पदको लागि पूर्वयोग्यता परीक्षा, विषयगत लिखित परीक्षा र अन्तर्वार्ताको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ ।
   ख) विज्ञापन नं. १४/२०८१ पदको लागि विषयगत लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ ।
   ग) पूर्वयोग्यता परीक्षा हुने पदको हकमा पूर्वयोग्यता परीक्षा उत्तीर्ण भएका उम्मेदवारलाई मात्र विषयगत लिखित परीक्षामा समावेश गराईने छ ।
   घ) विषयगत लिखित परीक्षा उत्तीर्ण भएका उम्मेदवारलाई मात्र अन्तर्वार्तामा सामेल गराईनेछ । तर प्रयोगात्मक परीक्षा हुने पदको हकमा विषयगत लिखित परीक्षा उत्तीर्ण भई प्रयोगात्मक परीक्षामा सामेल भएका उम्मेदवारलाई मात्र अन्तर्वार्तामा सामेल गराईनेछ ।

६ **परीक्षा केन्द्र तथा परीक्षा सञ्चालन**
   क) विज्ञापन नं. १२/२०८१ को पूर्वयोग्यता तथा विषयगत लिखित परीक्षा तथा विज्ञापन नं. १४/२०८१ को विषयगत लिखित परीक्षा लोक सेवा आयोगबाट काठमाण्डौमा सञ्चालन हुनेछ ।
   ख) विज्ञापन नं. १३/२०८१ पदको पूर्वयोग्यता र विषयगत लिखित परीक्षा लोक सेवा आयोगका धनकुटा, जलेश्वर, काठमाण्डौ, पोखरा, बुटवल, सुर्खेत र दिपायल कार्यालयले तोकेबमोजिमका स्थानबाट सञ्चालन हुनेछ ।
   ग) विज्ञापन नं. १४/२०८१ को प्रयोगात्मक परीक्षा बैंकबाट सञ्चालन गरिनेछ ।
   घ) सम्पूर्ण विज्ञापनहरुको अन्तर्वार्ता बैंकको केन्द्रीय कार्यालयबाट सञ्चालन गरिनेछ ।

७ **पाठ्यक्रम** : सम्पूर्ण पदहरुको पाठ्यक्रम बैंकको वेवसाईटमा उपलब्ध छ ।

८ **परीक्षणकाल अवधि** : महिला कर्मचारीलाई ६ महिना र पुरूष कर्मचारीलाई १ वर्ष ।

९ **निवृत्तिभरण पाउने वा नपाउने** : निवृत्तिभरण पाउने ।

१० **परीक्षा दस्तुर**
   क) अधिकृत तृतीय श्रेणीको लागि : कुनै एक समूहको लागि रु.१,००० (एक हजार रूपैयाँ) र प्रत्येक थप समूहमा सहभागी हुन थप रु.४०० (चार सय रूपैयाँ) ।
   ख) सहायक द्वितीय श्रेणीको लागि : कुनै एक समूहको लागि रु.८०० (आठ सय रूपैयाँ) र प्रत्येक थप समूहमा सहभागी हुन थप रु.३०० (तीन सय रूपैयाँ) ।
   **ग) रीत नपुगेको कारणले अस्वीकृत हुने आवेदकहरुको परीक्षा दस्तुर फिर्ता हुने छैन ।**

११. **परीक्षा दस्तुर बुझाउने प्रक्रिया** : विद्युतीय माध्यममार्फत दरखास्त फाराम पेश गर्दा पोर्टलमा उपलब्ध Connect IPS तथा अन्य भुक्तानी सेवा प्रदायक मार्फत बुझाउनु पर्नेछ ।

१२. **पदस्थापन** : विज्ञापन १३/२०८१ अनुसार नियुक्त हुने कर्मचारीहरुलाई बैंकका प्रदेशस्थित कार्यालयहरुमा पदस्थापन गरिनेछ । अन्य विज्ञापन अनुसार नियुक्त हुने कर्मचारीहरुलाई बैंकको आवश्यकता अनुसार केन्द्रीय कार्यालय वा प्रदेशस्थित कार्यालयहरुमा पदस्थापन गरिनेछ ।

१३. **लिखित परीक्षाको सम्पर्क मिति** : लिखित परीक्षा सम्बन्धी सूचना लोक सेवा आयोगबाट पछि प्रकाशन हुनेछ ।

१४. **दरखास्त पेश गर्ने तरीका** : सम्पूर्ण विज्ञापनहरुको दरखास्त विद्युतीय माध्यममा नेपाल राष्ट्र बैंकको वेवसाईट www.nrb.org.np को CAREER भित्र गई Online Portal for Open Competition वा https://jobs.nrb.org.np/ बाट पेश गर्नुपर्नेछ ।

१५. विद्युतीय माध्यममार्फत दरखास्त फाराम पेश गर्दा कुनै द्विविधा भएमा यस बैंकको टेलिफोन नं. ०१-५७१९६४१, ०१-५७१९६४२ एक्सटेन्सन नं. १३८ र १४६ वा ०१-५७१९६१२ मा सम्पर्क गरी अथवा यस बैंकको ईमेल career@nrb.org.np मा इमेलमार्फत बुझ्न सकिनेछ ।

१६. यो सूचना तथा उपरोक्त पदहरुको पाठ्यक्रम यस बैंकको website: www.nrb.org.np को CAREER मा राखिएको छ ।

**मिति: २०८१ साउन ३२** **कार्यकारी निर्देशक**